# कोभिड-१९ अनलाइन केस अनुसन्धान सर्वेक्षण ट्रान्स्क्रिप्ट

[उत्साहित संगीत]

[वर्णन] केसहरूको अनुसन्धान कोभिड-१९ को फैलावट कम गर्ने एउटा तरिका हो।

तालिमप्राप्त स्वास्थ्यकर्मीहरूले कोभिड-१९ सङ्क्रमित मानिसहरूलाई सम्पर्क गरेर उनीहरूसँग नजिक रहेर समय बिताएका अन्य मानिसहरू पता लगाउनका लागि उनीहरूसँग प्रश्न सोध्छन् । यी निकट सम्पर्कमा आएका मानिसहरूलाई कोभिड-१९ हुनसक्छ र उनीहरू घरमै बस्नुपर्छ।

सामान्यतया, केस अनुसन्धान अन्तर्वार्ता फोनमा गरिन्छ। अब, तपाईंसँग तिनै प्रश्नहरूको जवाफ गोप्य, अनलाइन सर्वेक्षणमा दिने विकल्प उपलब्ध छ।

उत्कृष्ट पक्ष? यदि तपाईंले आफ्नो परीक्षण गराउँदाको समयमा आफ्नो मोबाइल नम्बर दिनुभएको छ भने, हामी तपाईंले सर्वेक्षण पुरा गर्न सक्नुहुन्छ भन्नको लागि तपाईंलाई फोन्मा टेक्स्ट मेसेज पठाउन सक्नेछौं!

पहिला, हामी तपाईंलाई सम्पर्क गर्नेछौं। तपाईंले आफूलाई सहज लाग्ने भाषाको आधारमा 1, 2, 3 वा 4 विकल्प छनोट गरी उत्तर दिन सक्नुहुन्छ। हामी तपाईंसँग इमेल ठेगाना सोध्नेछौं र सिधै तपाईंको इमेलमा सर्वेक्षणको लिङ्क पठाउनेछौं। यदि तपाईंले टेक्स्ट मेसेजको जवाब दिनुभएन भने, तपाईंले एकजना स्वास्थ्यकर्मीबाट फोन कल प्राप्त गर्नुहुनेछ।

तपाईंले सर्वेक्षण पुरा गर्न आफुलाई चाहिने समय लिन सक्नुहुन्छ। अन्त्यमा, तपाईंले अरूलाई कोभिड-१९ सार्ने जोखिम कसरी कम गर्न सक्नुहुन्छ भन्ने बारे जानकारी र तपाईंलाई किराना सामान र औषधिहरू जस्ता कुराहरू उपलब्ध हुने स्थानीय श्रोतहरूबारे विवरण प्राप्त गर्नुहुनेछ।

स्वास्थ्य विभागले तपाईंको गोपनियतालाई गम्भीर रूपमा लिन्छ। हामी कहिले पनि तपाईंलाई पैसा, बैंकको जानकारी वा तपाईंको सोसल सेकिउरीटी नम्बर माग्नेछैनौं।

यदि तपाईंको परीक्षण नतिजा पोजिटिभ आएको छ र तपाईंसँग प्रश्नहरू छन् भने तपाईंले स्वास्थ्यकर्मीसँग कुरा गर्न 651-201-5689 मा कल गर्न सक्नुहुन्छ।

[उत्साहित संगीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

1/28/21 (Nepali)

*यो जानकारी एउटा फरक ढाँचामा प्राप्त गर्न, यो नम्बरमा कल गर्नुहोस्: 651-201-4989*